## आ.ब ०७३/०७४ को लागि कार्यकारी अधिकृत श्री सुरेश राउतबाट प्रस्तुत बजेट नीति, कार्यक्रम तथा आय-व्यय विवरण सहितको वक्तव्य

कलैया नगरपालिकाको २५ औं नगरपरिषदमा हाम्रो निमन्त्रणालाई स्विकार गर्दै उपस्थित हुनु भएका प्रमुख अतिथि बारा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्रीमान् कृष्ण प्रसाद ढुगाना ज्यू, विशिष्ट अतिथिको रुपमा पाल्नु भएका स्थानीय विकास अधिकारी ज्यू, नगर विकास समिति कलैयाका अध्यक्ष श्री उद्धव भट्टराई ज्यू,नागरिक समाज बाराका अध्यक्ष श्री सुख प्रसाद चौधरी ज्यू, बारा जिल्लाका सुरक्षा निकायका प्रमुख ज्यूहरु,पुर्व जिल्ला सभापती र उपसभापतिज्यू, पूर्व मेयर तथा उपमेयर ज्यू, आदरणीय सम्पूर्ण राजनैतिक दलका जिल्ला एवम् नगर प्रमुख एवम प्रतिनिधि ज्यूहरु साविक गाविसबाट पाल्नु भएका जनप्रतिनीधि ज्यूहरु,, उपस्थित सम्पूर्ण कार्यालय प्रमुख ज्यूहरु, उपस्थित सम्पूर्ण पत्रकारज्यूहरु, उद्योग वाणिज्य संघ, गैसस महासंघका प्रतिनिधि ज्यू, नगरका सम्पूर्ण वडाबाट उपस्थित हुनु भएका वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका प्रतिनिधि ज्यूहरु, नगर बाल संजालका अध्यक्ष ज्यू लगायत हाम्रो आतिथ्यलाई स्विकार गरी उपस्थित हुनु भएका सम्पूर्ण आदरणीय अतिथि ज्यूहरुलाई कलैया नगरपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक नमस्कार र स्वागत गर्दछु ।
सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनाका निम्ती भएका विभिन्न आन्दोलनहरुमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरु प्रति आजको यस नगरपरिष्द् बैठकबाट भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

अब म २५ औं नगरपरिषदमा आ.ब. ०७३।०७४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आदरणीय महानुभावहरु,**

बारा जिल्लाको छ मध्यको एक नगरपालिका कलैया सांस्कृतिक विविधताको धनी नगरपालिका हो । राष्ट्रिय जनगणना २०६८ अनुसार जिल्लाको कुल जनसंख्या ६,८७,७०८ मध्ये यस नगरपालिकाको पछिल्लो तथ्याँक अनुसार कुल १३,२०५ घरधुरीमा ८६,३१८ जनसंख्या रहेको छ जुन जिल्लाको कुल जनसंख्याको १२.५६ प्रतिशत हुन आउछ । वि.सं. २०३९ सालमा स्थापना भएको कलैया नगरपालिका हाल जिल्लाको ६ निर्वाचन क्षेत्र मध्ये निर्वाचन क्षेत्र नं. ३ र ६ मा पर्दछ । साविकमा १४ वटा वडामा विभक्त भई कार्य गर्दै आएकोमा नेपाल सरकारको निर्णय अनुसार यसै आवमा ८ वडा गाविसहरु धर्मनगर,बलिरामपुर,बघवन,दोहरी,उत्तरभिटकैया,भतौडा,मोतीसर र सिसहनीया गरी ११ वडा थप भई हाल कुल वडा संख्या २५ कायम भएको छ । ९ वटा शहरी वडाहरु र १६ वटा ग्रामिण वडाहरु रहेको यस न.पा. मा विगतको तथ्याक अनुसार कुल ७७ किमि सडकहरु रहेकोमा १२ किमि कालोपत्रे, ३ किमि ढलान र ३४ किमि ग्राभेल र बाँकी सडकहरु कच्ची रही आएकोमा हाल विस्तारित वडाहरुको समेत गरी सडक विस्तार भएको छ । यसबाट नगरले सडक सुधार लगायत भौतिक विकासमा ध्यान दिनु पर्ने देखिन्छ । बारा जिल्ला र कलैया न.पा.को मानवीय विकास सुचकाँक न्यून रहेकोले मानवीय र सामाजिक विकासलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

सुस्त गतिमै भए पनि सामाजको आधुनिकरण सँगै कलैया नगर पनि शहरीकरण र विस्तारित हुँदैछ । सो को प्रभावकारी व्यवस्थापनका लागि सडक, खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन, शहरी वातावरण लगायतका क्षेत्रहरुमा निरन्तर सुधारका आवश्यकताहरु छन् । लामो समय देखी स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि नहुनु, नगरपालिकाको सिमित श्रोत साधनको अवस्था, विगत समयमा पुर्ण बजेट नआईदिदाँ, पठाईएका

अख्तियारीहरुबाट पनि आर्थिक वर्षको बीचमा आएर बजेट कटौती हुने जस्ता समस्याहरुले नगरवासीहरुको इच्छा, आशा र आवश्यकतालाई पूर्ण रुपमा समेट्न नसकिए तापनि सिमित श्रोतहरुबाटै राजनितिक दलहरुको समन्वय र सहयोगमा अत्यावश्यक आवश्यकताहरुको नगरपालिकाबाट सम्बोधन भई कार्यहरु संचालन भैरहेको यथार्थ स्मरण गराउन चाहन्छु ।

भनिन्छ, स्थानीय निकायहरु लोकतन्त्रको लाभांश (Democrecatic dividend) वितरण गर्ने जनताको घरदैलोका सरकार हुन । विकेन्द्रीकरणको सम्मनिकटताको सिद्धान्त (Principal of Subsidiarity) अनुसार राज्य संचालन गर्ने लोकतान्त्रिक परिपाटीमा निर्वाचित स्वायत्त स्थानीय निकायहरु मार्फत जनतालाई सेवा प्रवाह गर्ने कार्य ज्यादै प्रभावकारी सिद्ध भएको विश्वकै उदाहरण रहेको हामी सबैलाई विदितै छ । आर्थिक स्वायत्तता सहितको प्रशासनिक एवं राजनैतिक अधिकार भएको स्थानीय निकाय आजको आवश्यकता हो । स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ अनुसार नगरपालिकाले आन्तरिक श्रोत संकलन र वितरण गर्दै आएको छ । जस अनुसार नगरवासीहरुले विभिन्न क्षेत्रमा तिर्ने कर, सेवा शुल्क र दस्तुरहरुबाट यी श्रोतहरु जुटाउने गरिन्छ । तसर्थ नगरपालिकालाई आत्मनिर्भर र सक्षम बनाउनको लागि नगरपालिकाले कानून अनुसार उठाउन पाउने कर, सेवा शुल्क, दस्तुरको दर र दायरालाई समय सापेक्ष अभिवृद्धि गर्ने तर्फ सम्बद्ध सबै पक्षको सकारात्मक सोच र सहयोग आवश्यक छ भने, उठेका राजश्वहरु नगरवासीहरुको सेव सुविधा प्रवाहको लागि खर्च भै रहेको छ भन्ने महसुस गराउन नगरपालिकाको दायित्व हो भन्नेमा म जोड दिन चाहन्छु ।

आर्थिक वर्ष २०७३/०७४ को लागि मुलुकमा रहेको असहज परिस्थीको कारणले समयमै नगर परिषद गर्न नसकिएको हामी सवैलाई थाहा छ । स्थिती सामान्य हुने वितिकै सम्पूर्ण सरकोकारवालाहरुको सहभागितामा मिति २०७१ फागुन ३ गते पूर्व योजना तर्जुमा गोष्ठी, फागुन ३ गते देखि ८ गते सम्म वडा स्तरीय भेला,फागुन १४ गते एकिकृत योजना तर्जुमा समितिको बैठकबाट सिफारिस भएका योजनाहरुलाई नगरपालिका बोर्ड हुदै आज नगर परिषदको निर्णयबाट सार्वजनिक गरिएको छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६, राष्ट्रिय योजना आयोगको मार्ग दर्शन र तेह्रौ त्रिवर्षिय योजनाको आधारपत्र ( २०७०/०७१–०७२/०७३), श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त निर्देशन तथा बजेट सिलिंग, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, स्थानीय निकाय योजना तर्जुमा कार्यविधि २०६८ र अन्य विषयगत कानूनहरुको अधिनमा रही आब २०७३/०७४ को लागि यो नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक गरिएको छ ।

**आदरणीय नगरवासीहरु**

अब म गत आ.ब.०७१।०७२ को यथार्थ आय व्यय र चालु आ.ब को माघ मसान्तसम्मको संक्षिप्त वितीय प्रगति  प्रस्तुत गर्न चाहन्छु ।

गत आ.ब.०७१।०७२ मा आन्तरिक आय तर्फ रु १,३६,८८,३१३।१५, नेपाल सरकार नपा अनुदान रु १,०८,३५,०००, स्था विकास शुल्क वापत रु १,८५,८०,००० ।, जिविसबाट समाजिक सुरक्षा र पोषण भत्ता वापत रु १,३६,५८,२०० ।, जगेडाकोष वापत रु १,९१,६३,०००।, एलजिसिडिपी चालु, पूँजिगत तर्फ रु ८५,२९,१००।, राजस्व बाँडफाड वापत प्राप्त रु ७१,७६,८८४।७५ उपभोक्ता समितिबाट रु ७५,९५,३१५।, सडक बोर्डबाट रु ३८,८१,२१८।, जिल्ला पशु विकास कार्यालयबाट रु १८७,१५०। र गत वर्षको अल्या रु ३७,६४,४१३।७७ गरी कुल जम्मा रु. ११,२१,३१,६७४।६७ आय प्राप्त भएकोमा,

सो बाट चालु खर्च तर्फ रु.१,३२,२८,०५१।८७, सामाजिक सुरक्षा, पोषण भत्ता तर्फ रु. १,२३,२३,४००।, पुंजीगत तर्फ रु. ७,९२,०९,९७२।५२,गत आवको बाँकी भुगतानी रु ११,९३,०८८।२० गरी कुल जम्मा १०,५९,५४,५१२ ।५९ खर्च भएको थियो ।

त्यस्तै चालु आ.ब.०७२।०७३ को माघ मसान्त सम्म आन्तरिक आय रु २३,११,४८२।९४, नेपाल सरकारबाट नपा अनुदान तर्फ चालु र पुंजीगत गरी रु १,२६,३१,५००।,स्थानीय विकास शुल्क कोष पूजिगत तर्फ रु ९४,९२,०००।, जिविसबाट समाजिक सुरक्षा र पोषण भत्ता वापत गाविस समेत गरी रु १,१६,७२,०००, जगेडाकोष वापत रु ९,९२,०००।, एलजिसिडीपी कार्यक्रमबाट रु २९,३७,०००।, गत आ.ब. को धरौटी बाहेकको मौज्दात रु ६१,७७,१६२।०८ गरी कुल जम्मा रु. ४,६२,१३,१४५।०२ प्राप्त भएकोमा सो बाट चालु तर्फ रु. ८०,४४,६२२।०२, पुंजीगत तर्फ रु. २,५३,१८,७२७।१७, सामाजिक सुरक्षा र पोषण भत्ता रु. १,१६,७२,०००। र गत आ.ब. को आयकर, क.सं. कोष, ना.ल. कोष र विमा वापतको बाँकी रकम भुक्तनी रु. ३७३,४८४। गरी कूल जम्मा रु ४,५४,०८,८३३।१९ खर्च भएको छ ।

**आदरणीय महानुभावहरु,**

अब म नगरपालिकाले आगामी वर्ष अवलम्बन गर्ने नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

## शहरी पूर्वाधार तथा भौतिक संरचना सम्बन्धि नीति

“शहरी विकास अभियानमा जनसहभागिता, दीगो पुर्वाधार विकास आजको आवश्यकता“
भन्ने मुल नाराका साथ,

- दीगो पूर्वाधार विकासमा जोड दिइने छ ।
- नगर क्षेत्रमा संचालन हुने नगर स्तरीय विकास निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कच्चा पदार्थको बारेमा मापदण्ड बनाई गुणस्तर कार्यान्वयन गरिने छ ।
- यसै आर्थिक वर्ष भित्र नगर यातायात गुरुयोजना बनाई लागु गरिने छ । भन्ने आवधिक योजना तयारका लागि पहल गरिनेछ ।
- Centre of Excellence बनाउन ISO 1400 प्राप्त गर्न कार्य योजना निर्माण गरी लागु गरिने छ ।
- विगत तथा चाुल आ.ब. मा संचालन भई निर्माण सम्पन्न हुन नसकेका आयोजनाहरुलाई आगामी आ.ब. मा निरन्तरता दिईने छ ।

- महत्वपुर्ण सडकहरुको तथा नियमित मर्मत सम्भार गर्नु पर्नेको हकमा एक मर्मत सम्भार कोष व्यवस्था गरिनेछ। यसको लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ। जगेडा कोषबाट बजेट श्रोत र प्राथमिकताको आधारमा सडक कालोपत्रे एवं सडक ढलान गर्ने तथा नाला निर्माण कार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिईनेछ।
- न.पा. क्षेत्रमा सडक बत्ति व्यवस्थापन गर्ने कार्यलाई थप सुधार गर्दै लगिने छ। यसै आ.ब. मा वैकल्पीक उर्जा केन्द्रसँगको सहकार्यमा सौर्य सडकबत्तिको योजना अगाडी बढाईनेछ। यसले राष्टिय ग्रिड माथिको भार कम भएर जाने विश्वास लिइएकोछ। नगरवासीहरुको साझेदारीमा **सौर्य वति फिफ्टी फिफ्टी** कार्यक्रमलाई अगाडी बढाईनेछ।
- नगरक्षेत्रभित्र रहेका मठ मन्दिर, मस्जिद, गुम्बा, आदिहरुको मर्मत सम्भार तथा रंगरोगन गर्ने र संरक्षण गर्ने कार्यलाई पर्यटन विकास कार्यालय पर्सा समेतको साझोदारीमा आगामी अ.ब. मा पनि जोड दिईनेछ। सार्वजनिक महत्वका मठ-मन्दिर न.पा. मार्फत ल्याई रहेका चल अचल सम्पत्तिको संरक्षण गरिनेछ।
- नगरमा रहेका एकमात्र बसपार्क व्यवस्थित गरी संचालनमा ल्याईएको छ र आगामी आ.ब. मा सो लाई थप व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- कलैया हाटबजारलाई यसै आ.ब. मा थप व्यवस्थित गर्न आवश्यक पहल गरी पसल कबल निर्माण कार्य अगाढी बढाईनेछ।
- नगर क्षेत्र विस्तार भईरहेको परिपेक्ष्यमा अब बन्ने हरेक नयाँ घरहरु राष्ट्रिय भवन संहिता २०६० र नेपाल सरकारको भवन सम्बन्धि नयाँ मापदण्ड २०७२ बमोजिम घर निर्माण गर्न नगरबासीहरुलाई प्रोत्साहन गरिनेछ। यसका लागि परिषदको निर्णय अनुसार नयाँ भवन मापदण्ड लागू गरिएकोछ।
- थोक कृषि बजारलाई व्यवस्थित गरी संचालनमा ल्याउन यस आ.ब. भित्र पिच सडक तथा नाला निर्माण गरी थप व्यवस्थित गरिनेछ।
- भुकम्प वा यस्तै अन्य विपदलाई ध्यानमा राख्दै निश्चित क्षेत्रलाई खुल्ला क्षेत्र धोषणाका लागि स्थानीय प्रशासन र मन्त्रालय मार्फत गृह मन्त्रालयलाई अनुरोध गरिनेछ। यसै आ.ब. मा नगरपालिकामा दर्ता भएका डकर्मी (राजमिस्त्री) हरुलाई तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ। तालिम प्राप्त डकर्मीबाट मात्र भवन निर्माण सम्बन्धि काम गराइने व्यवस्थालाई प्रभावनकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ।
- शान्ति सुरक्षा लगायत सहज एवं प्रभावकारी रुपमा सेवा सुविधाहरु प्रवाह गर्न भौगोलिक सुचना प्रणाली (GIS) अन्तर्गत नक्सा तयार गराई नगरमा यसै आव देखि निश्चित वडाबाट मेट्रिक सिस्टम कार्यान्वयन गरिनेछ। हरेक घरको द्वारमा घर नं. उल्लेख भएको प्लेट राखिएको हुनेछ।
- नगरमा शान्ति सुरक्षा कायम गर्नको लागि स्थानीय प्रशासनसंग सहकार्य गरिनेछ। सामुदायिक प्रहरी कलैयाको लागि दिइदै आएको सहयोगलाई निरन्तरता दिइनेछ।
- बोलपत्र प्रकृयाद्वारा गरिने विकास कार्यक्रम तथा अन्य व्यवस्थापनका क्षेत्रमा विद्युतिय बोलपत्र प्रणाली (E-Submission) प्रकृयालाई अनिवार्य रुपमा निरन्तर लागु गरिनेछ।

## फोहरमैला तथा वातावरण व्यवस्थापन नीति

- वातावरणमैत्री स्थानीय शासन कार्यन्वयनमा ल्याइने छ। घर परिवार तहको, वडा र नगर तहकै वातावरण मैत्री स्थानीय शासनको आधारभुत र विकसित सुचकहरु कार्यन्वयनमा ल्याइने छ।
- फोहोर मैला व्यवस्थापनमा 4R को सिद्धान्त अपनाइने छ । आफ्नो नगर क्षेत्रका घरहरुमा भान्साको फोहोरहरुलाई सड्ने र नसड्ने फोहोरमा विभाजन गरी घर भित्र कम्पोष्ट मलको रुपमा प्रयोगमा ल्याउन सक्ने व्यवस्था मिलाइने छ।
- व्यवस्थित Zero Land fill Site को कार्यक्रम संचालनमा ल्याइने छ।
- घर घरमा वर्षातमा कम्पाउण्ड भित्र परेको पानीलाई ढल वा नालीमा नपठाई कम्पाउण्ड भित्र जमीन मुनी Recharge गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइने छ।
- वातावरण मन्त्रालयबाट स्वीकृत मापदण्ड अनुरुप प्लाष्टिक प्रयोगमा बन्देज लगाइने छ।
- नगरपालिकाको मुल सडकमा दायाँबायाँ वृक्षारोपण गरी हरियाली कायम गरिने छ।
- लैगिक मैत्री शौचालय नभएका विद्यालयहरुमा नगरपालिकाले अन्य संरचनामा कुनै पनि लगानी गरिने छैन्।
- समुदायमा आधारित तथा सार्वजानिक निजी साझेदारीको प्रारुपमा फोहोरमैला व्यवस्थापन गरिनेछ।
- बोटानिकल गार्डेन वा सार्वजानिक पार्क व्यवस्था गर्न लगानी केन्द्रीत गरिने छ।
- फोहोर मैला ब्यवस्थापन ऐन को कार्यान्वयन गरिने छ। ऐन विपरित कार्य गरेमा दण्ड जरिवाना गरिने छ।
- खुल्ला दिशा मुक्त क्षेत्र घोषणका लागि कुनै निश्चत वडाबाट यसै वर्ष देखी आवश्यक तयारी शुरु गरिनेछ । यसका लागि जिविस तथा जिल्ला खानेपानी डिभिजन कार्यालयसँग आवश्यक समन्वय गरिनेछ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ।
- वातावरण तथा हरियाली प्रबर्द्धन गर्न जिल्ला बन कार्यालयको साझेदारीमा सडक किनार सार्वजनिक जग्गामा तथा सार्वजनिक पोखरी वरिपरि वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिईनेछ। यसको आवशयक बजेट विनियोजन गरिएको छ।
- ध्वनी प्रदुषण गर्ने कलकारखाना, लेथ, ग्यारेजहरुको लागि यसै आ.ब. मा निश्चित स्थान तोकी त्यहाँ संचालन गर्न प्रोत्साहित गरिनेछ। यसको लागि स्थानीय प्रशासनको सहयोग लिईनेछ।
- नगर क्षेत्रभित्र लामखुट्टे नियन्त्रणको कार्यलाई थप प्रभावकारी पार्न हाल वर्षमा दुईपटक संचालन गर्ने गरिएको औषधी छर्कने कार्यलाई निरन्तरता दिईनेछ। यस कार्यको लागि बजेट विनियोजन गरेको छु।
- दैनिक रुपमा गरिने सडक तथा नाला सरसफाईलाई थप प्रभावकारी बनाईनेछ। यस कार्यका लागि हाल संचालित सार्वजनिक निजी साझेदारी अवधारणलाई निरन्तरता दिईनेछ।
- व्यक्तिगत शौचालयको सरसफाईमा आईरहेको समस्या समाधान गर्न सक्सन टैंक १ थान, ट्याक्टर टेलर सहित व्यवस्था गरिएको छ। यसको संचालनलाई निरन्तरता दिइनेछ।

## शिक्षा, स्वास्थ्य, आर्थिक,सामाजिक र लक्षित वर्ग सम्बन्धि नीति

१) जेष्ठ नागरिकहरु हाम्रा अग्रज हुन । वहाँहरुले सुदृढ पारेका संस्कृती, सभ्यताले हामीहरु अगाडी बढ्न सफल भएका छौ । वहाँहरुको सम्मान गर्नु पर्छ, जेष्ठ नागरिक संरक्षण सम्मान कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२) बाल मैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक तयारी शुरु गरिनेछ । बालबालिका लक्षित कार्यक्रम तर्फका बजेट बृद्धि गरिनेछ ।

३) नगर क्षेत्रमा रहेका प्रारम्भिक बाल विकास केन्द्रहरु, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयहरु तथा रामराजा क्याम्पस स्थित र यसका साथै नगर भित्रका पुस्तकालयहरुको सुदृढिकरणको लागि आवश्यक पहल गरिनेछ ।

४) आदिवासी, जनजाती, मधेशी, मुस्लिम, दलित वर्गका महिलाहरुलाई आय आर्जनमा टेवा पुऱ्याई गरीबी निवारण एवं शिप विकासका लागि सिलाई कटाई तथा अन्य सीप तथा रोजगारीमा टेवा पुग्ने तालिमको व्यवस्था मिलाईने छ र सो को लागि अन्य लक्षित वर्गको कार्यक्रम अन्तगर्त आवश्यक बजेट विनियोजन गरिएको छ ।

५) दलित महिलाहरुको आय आर्जनका लागि पशुपालन तालिमको व्यवस्था मिलाईने छ । यसको लागि लक्षित वर्ग अन्तर्गतयक बजेटको व्यवस्था गरिएको छ ।

६) महिलाहरुको स्वास्थ्य सुधार ल्याउन सबैभन्दा बढी रुपमा पीडित रहेका पाठेघरको समस्यामा कमी ल्याउन महिला स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरिनेछ । सो कार्यक्रम संचालन गर्न विशेषज्ञ र प्रविधिको सहयोगको लागि आवशयक बजेटको व्यवस्था गरिएको छ ।

७) नगर क्षेत्र भित्र रहेका महिला स्वयसेविकाहरुले वर्षको २ पटक संचालन गर्दै आएको खोप कार्यक्रम संचालन गरे वापत लाई दिइदै आएको सहयोगलाई निरन्तरता दिईनेछ ।

८) शहरी स्वास्थ्य क्लिनीकलाई थप व्यस्थित गरिनेछ । क्लिनीक मार्फत वर्षमा कम्तीमा २ पटक योगा ध्यान शिवीर संचालन गरिनेछ । ब्रहमकुमारी राजयोग केन्द्रलाई आवश्यक सहयोग गरिनेछ ।

९) गरीबी न्यूनिकरण तथा सामाजिक समावेशीकरण कार्यलाई अगाडी बढाउन लुमन्ती संस्थासँग गरिएको सहकार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिईनेछ । साथै दलित तथा विपन्न बस्तीमा लुमन्तीसँगको साझेदारीमा भईरहेको सामुदायिक भवन निर्माण, शौचालन निर्माण, पूर्वाधार सुधार कार्यको लागि लागत सहभागिताको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

१०) नगर भित्र रहेको नगर खेलकुद विकास समितिलाई क्रियाशिल बनाई खेलकुद विकास कार्यमा सहयोग गरिने कार्यलाई निरन्तरता दिईनेछ । यसको लागि चालु आ.ब. मा झै आगामी आ.ब. मा रु. ४ लाख उक्त समितिलाई खेलकुद कार्य संचालन गर्न विनियोजन  गरिएको छ ।

११) शितलहर लगायतका प्राकृतिक विपद व्यवस्थापन गर्ने कार्यलाई जिल्ला दैविक प्रकोप तथा उद्धार समितिको सहकार्यमा अगाडी बढाईने छ । नगर स्तरिय विपद् व्यवस्थापन कोष निर्माणका लागि रु. ५ लाख विनियोजन गरिएको छ ।

१२) स्वच्छ, सफा, ताजा खाद्य पदार्थ नगरबासी उपभोग गर्न पाउन, मिसावट रोक्न, अखाद्य वस्तुको बिक्री वितरणलाई निरुत्साहीत गर्न गुणस्तरिय बस्तुलाई विस्तापन गर्न, ठगी, कालो बजारी नियन्त्रण गर्न स्थानीय प्रशासनको सहयोगमा बजार अनुगमनलाई थप प्रभावकारी बनाईनेछ ।

१३) अपांगता भएका व्यक्तिहरुको नगर स्तरिय संजाल वा संस्थाको सुदुढीकरणको लागि रु. १ लाख विनियोजन गरेको छु ।

१४) नगर स्तरिय ३० जना यूवाहरुको क्षमता अभिवृद्धिका लागि मधेशी, जनजाती र दलित यूवा लक्षित गरी राजपत्र अनंकित अर्न्तगत लोकसेवा तयारी कक्षा संचालन यसै आव देखि गरिएको छ। यस कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ । यसको लागि रु. २ लाख विनियोजन गरेको छु ।

## आर्थिक तथा राजश्व नीति

"आर्थिक पारदर्शिता , लगानी सुनिश्चितता"

- राजस्व पद्धतिलाई व्यवस्थित गरिने छ । करदाताहरुको सहजताको लागि Mobile Tax Payment Service लागु गरिनेछ ।
- व्यवसाय करको नक्साँकन गरी करदातालाई करको दायरा भित्र ल्याइने छ । करदाता मैत्री वातारणको सिर्जना गरिने छ ।
- शून्य पेश्की अभियानलाई निरन्तरता दिईनेछ ।
- प्रोदभावी लेखा पद्धति (Accrual accounting system) अपनाइने छ ।
- नगरपालिकाबाट उठेको कर नगरवासीकै विकासको लागि हो भन्ने प्रत्याभुति गराउन समयमै कर तिर्न उत्प्रेरित गर्न, करदातालाई जागरुक बनाउन उद्योग वाणिज्य संघको पहलमा कर शिक्षा अभियान संचालन गरिनेछ । यसको लागि बजेट विनियोजन गरिएको छ ।

## शहरी सुशासन प्रबर्धन एवं संगठन विकास नीति

१) नगरवासीलाई अझ छिटो छरितो रुपमा सेवा प्रवाह गर्न थप प्रयासहरु गरिनेछ । यसका लागि नगरपालिकाका सम्पूर्ण शाखाहरु यसै आ.ब. भित्र कम्प्यूटरकृत गरी संचालनमा ल्याईनेछ । साथै कार्यकारी अधिकृत र शाखा प्रमुखहरुको बीचमा यसै आ.ब. देखी कार्य सम्पादन सम्झौता (Perfomance Contract) गरिनेछ । कर्मचारीको कार्य सम्पादनलाई दण्ड र पुरस्कारसँग आबद्ध गरिदै लगिनेछ ।

२) नागरिकलाई सुसुचित गरी नागरिकका सुचनाको हकलाई व्यवहारिक प्रत्याभूति गराउन नगरपालिकाको वेवसाईटलाई द्रुत रुपमा अपडेट गरिनेछ । महत्वपूर्ण गतिविधिहरु, योजना, कार्यक्रम कम्तीमा त्रैमासिक

रुपमा वेवसाईट, एफ.एम, पत्रपत्रिकाबाट सार्वजनिक गरिनेछ । नागरीक वडापत्रलाई यसै आव देखि डिजिटल पद्धतिबाट शुरु गरिनेछ । सार्वजनिक सुचनाहरु पनि डिजिटलाइज गरिनेछ ।

३) नगरवासीहरुको गुनासो सुन्न, आफ्ना सेवा प्रवाहको स्तर परिक्षण गर्न गराउन सार्वजनिक जवाफदेहिताको औजारहरु सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण तथा सामाजिक परिक्षणलाई थप व्यवस्थित रुपमा प्रयोगमा ल्याई सेवा प्रवाहलाई समयसापेक्ष सुधार गरिनेछ ।

४) न.पा. मा उपलब्ध भएकै जनशक्तिबाट प्रभावकारी रुपमा कार्य सम्पादन गर्न गराउन उनीहरुको क्षमता विकास गर्न विभिन्न प्रकारका तालिमहरु, अवलोकन भ्रमणहरु संचालन गरिनेछ, जसबाट कर्मचारीहरु उत्प्रेरित भई कार्य सम्पादन अभिवृद्धि हुनेछ । कर्मचारी क्षमता अभिवृद्धिका लागि रु. ३ लाख विनियोजन गरिएको छ ।

५) नगरपालिका मार्फत संचालन गरिने योजना एवं कार्यक्रमहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाईनेछ । तेश्रो पक्ष अनुगमनलाई प्रोतसाहित गरिनेछ ।

## सूचना, प्रविधि र संचार नीति

- कार्यालयमा कम्पयुटर तथा इन्टरनेटको प्रयोगलाई उच्च प्राथमिकता दिइने छ । अन्तर कार्यालयमा गरिने हरेक पत्राचार अनिवार्य रुपमा कम्पयुटर टाइप भएको सुनिश्चित गरिनेछ ।
- बालबालिकालाई सूचना प्रविधिको ज्ञान दिलाउन E- Library स्थापनामा जोड दिइने छ । बालबालिका लक्षित कार्यक्रमबाट आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- Digital Friendly पत्रकारिता प्रवर्द्धन तथा स्थानिय पत्रकारितालाई सुचना प्रविधि मैत्री वनाउन यथासम्भव आवश्यक सहयोग गरिने छ ।

## *थप भएका ११ वटा नयाँ वडाहरुको लागि लिइने केही प्रमुख नीतिहरु*

- साविकका गाविसहरु भएर कलैया बजारलाई जोडने महत्वपूर्ण सडकहरुलाई स्तर बृद्धि गर्ने तथा कालो पत्रे गर्ने तर्फ आवश्यक पहल गरिनेछ । यसको लागि जगेडा कोषकबाट आवश्यक बजेट विनियोजन गरिनेछ ।
- नयाँ वडाहरुको महत्पूर्ण ठाँउहरु तथा चोकहरुमा सोलार सडक वति जडान गरिनेछ ।
- कलैया नपाको सम्पूर्ण वडाहरुलाई विधुत लाइनको एउटै फिडरबाट जोडने कार्यका लागि नेपाल विधुत प्राधिकरणको सहयोगमा माथिल्ला निकायहरुसंग पहल गरिनेछ ।
- नयाँ वडाहरुको सरसफाइका निम्ती कार्य योजना बनाई निरन्तरता दिइनेछ ।
- ग्रामीण वडाहरुमा कृषि सडक विस्तार तथा कृषि विधुतीकरणको लागि बजेट विजियोजन गरिनेछ ।
- राष्ट्रिय अभियान अनुरुप खुल्ला दिशा मुक्त अभियानलाई निरन्तरता दिइनेछ ।
- अतिक्रमण भइरहेका तथा प्रयोग विहिन अवस्थामा रहेका सार्वजनिक जग्गाहरुको संरक्षण गरी नपाको आयश्रोत अभिबृद्धि गरिनेछ ।

## अन्य क्षेत्रगत नीतिहरु

१) वडा स्तरबाट आएका जनताका अति आवश्यक माँगहरुलाई सम्बोधनका लागि सरकारी , निजी र सहकारी साझेदारी नीति अनुसार उद्योग वाणिज्य संघ, नगरपालिकामा कार्यरत गैर सरकारी संस्थाहरु, पर्यटन विकास कार्यालय पर्सा, खानेपानी डिभिजन कार्यालय, जिविस लगायतका,कृषि तथा पशु लगायतका विषयगत कार्यालयहरुसँग आवश्यक सहकार्य र साझेदारीमा कार्य गरिनेछ ।

२) चालु वर्षमा नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र कलैया नगरपालिका बीचमा भएको कार्य सम्पादन सम्झौता बमोजिम वातावरण मैत्री स्थानीय शासन (Environmantal Friendly Local Governance) लागु गर्नका निम्ती निर्धारण गरिएका सूचकहरु क्रमशः लागु गरिदै जानेछ । यसको लागि चालु आब देखी नै आवश्यक पहल गरिनेछ ।

३) कलैया नगरपालिकामा बाल मैत्र स्थानीय शासन घोषणाका लागि आवश्यक तयारी शुरु गरिनेछ । यसको लागि बालमैत्री स्थानीय शासन कार्य योजना निर्माण गरी सोही बमोजिम कार्यक्रम संचालन गरिनेछ । यसको लागि नगरपालिकाको बालबालिकाको क्षेत्रमा विनियोजन गर्दै आएको बजेटमा बृद्धि गरिनेछ ।

४) यसै आ.ब. देखी नगरपालिका क्षेत्र भित्र रहेका पर्ति, ऐलानी वा सार्वजनिक जग्गाहरुको लगत तयार गरी मन्त्रालयमा पठाईनेछ तथा त्यसता सार्वजनिक जग्गाहरु अतिक्रमण भएको पाईएमा स्थानीय प्रशासनको सहयोगमा त्यस्ता जग्गाको संरक्षण कार्य अगाडी बढाईनेछ ।

**आदरणीय महानुभावहरु,**

त्यस्तै नगरपालिकाको सिमित श्रोत साधनले नभ्याउने तर अति आवश्यक देखिएको योजनाहरुको सन्दर्भमा देहायका योजनहरु प्रस्तुत गर्न चाहन्छु ।

१) यस नगरमा एक व्यवस्थित रंगशाला आवश्यक देखिएकोले सो को निर्माणको लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरिएको छ ।

२) यस नगरको तिब्र विकास र विस्तार गर्न रिङ्ग रोड आवश्यक रहेकोले सो को Master Plan न.पा. ले यसै आ.ब. मा तयार गरी आवश्यक आर्थिक श्रोत जुटाउनका लागि जि.वि.स., दातृ निकाय वा नेपाल सरकारलाई अनुरोध गर्ने ।

३) नगर क्षेत्र भित्र एक सभागृह अत्यावश्यक रहेकोले सो को निर्माणका लागि थप श्रोत साधन जुटाउन जि.वि.स.को इलाका स्तरीय गोष्ठीबाट पारित गर्दे जिल्ला परिषदमा निर्णायार्थ पठाइएको छ ।

४) पिकनिक स्पट निर्माण नगर क्षेत्र भित्र बोटानिकल गार्डेन निर्माणका लागि निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट आवश्यक सहयोग गर्न स्थानीय माननीय सभासद ज्यूहरुलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।

५) बढदो शहरीकरण संगै फोहोर व्यवस्थापन एक चुनौतीको रुपमा रहेकोले एक व्यवस्थित लैन्ड फिल्ड साइटको लागि आवश्यक पहल गरिनेछ ।

अब म आगामी वर्ष ०७३।०७४ को अनुमानित आय र व्यय प्रस्तुत गर्न अनुमती चाहन्छु ।

***आय तर्फ***

आगामी वर्ष आन्तरिक श्रोत बाट रु. १,८३,१७,०००।, नेपाल सरकारबाट चालु र पुँजीगत नपा अनुदान तर्फ रु. २,७८,४०,०००।,स्थानीय विकास शुल्क कोष पूजिगत तर्फ रु ६२,४०,०००, सडक बोर्ड नेपालबाट प्राप्त हुने रु. ३५,००,०००।, जगेडा कोष रु. १,७०,००,०००।, एलजिसिडिपी चालु र पूजिगत रु. ५०,००,०००।, राजश्व बाँडफाड वापत रु. १,००,००,०००।, उपभोक्ता समितिबाट रु. १,२०,००,०००।, जिविसबाट सामाजिक सुरक्षा भता गाविस समेत रु ३,००,००,०००। गरी कूल जम्मा रु. १२,९८,९७,०००।, आय संकलन हुने अनुमान गरिएको छ ।

**अनुमानित आय संकलनमा रहेका समस्या तथा चुनौतीहरु**

- राजनैतिक अस्थिरता । अनिश्तिकालीन बन्द हडताल हुन सक्ने ।
- मालपोतबाट प्राप्त हुने राजस्व बाँडफँडमा कमी आउन सक्छ ।
- थप भएका गाविसहरुमा प्राप्त हुने चालु र पूजिगत अनुदान कटौती हुन सक्छ । यसको लागि नियमित नपा अनुदानमा उल्लेख्य बृद्धि हुनु पर्ने जरुरी छ ।
- आन्तरीक राजस्व अनुमान बमोजिम संकलन नहुन सक्छ । यसो भएमा वियोजित बजेट तथा योजनाहरुमा कटौती गर्नु पर्ने बाध्यता हुन सक्छ ।

**संभावित समाधान**

स्थानीय निकाय तथा विकास निर्माण कार्यलाई राजनैतिक विवादको विषयबाट टाढा राख्न जरुरी छ । विकासको लागि सवैको सहमतीको खाँचो छ । समयमा सवै ठेक्काहरु व्यवस्थापन हुन जरुरी छ ।

***व्यय तर्फ,***

जम्मा विनियोजित रकमको चालु खर्च तर्फ रु. १,७८,५०,०००। (१३.७४%), सामाजिक सुरक्षा र पोषणभत्ता तर्फ रु.३,००,००,०००। (२३.०९%) र पुँजीगत खर्च तर्फ रु. ८,२०,४७,०००। (६३.१६%) विनियोजन गरिएको छ । जसमध्ये पुँजीगत खर्चबाट विकास तर्फका स्थायी, करार र दैनिक ज्यालादारी कर्मचारीहरुको तलब खर्च वापत रु. १,०६,७६,०००।००, वातावरण व्यवस्थापन कोष (सरसफाई खर्च) रु. ४२,३६,०००।, नगर क्षेत्रभित्रका पुरानो धारा मर्मत तथा नयाँ जडानको लागि रु. १०,००,०००।, नयाँ वडाको समेत गरी सडक बत्तीको लागि

रु. १२,००,०००।,सरसफाई सहितको ईन्धन खर्च रु. २०,००,०००।, नगर विकास कोषको व्याज भुगतानी रु १०,००,०००, एलजिसिडीपी तर्फ रु ५०,००,०००, खप्ने मालसमान तर्फ रु ३००,०००,संस्थागत पूजिगत तर्फ रु ७,५०,०००, सडक बोर्ड अर्न्तगत संचालित योजनाहरुको म्याचिङ्ग सहित रु. ४२,००,०००।००, जगेडा कोष अर्न्तगत संचालन हुने बढीमा ६ वटा योजनाहरुको लागि रु. ३,००,००,०००।००, विपत व्यवस्थापनको कोषको लागि रु. ५,००,०००।००, नियमित मर्मत सम्भार कोषको लागि रु. १५,००,०००। गरी कुल जम्मा रु. ६,२३,६२,०००। विनियोजन गरिएको छ ।

कुल विनियोजित पुँजीगत रकमबाट सो रकम कट्टा गरी बाँकी हुन आएको रकम रु. १,९६,८५,०००। मध्ये बाट बालबालिका तर्फ १० प्रतिशतको दरले रु. १९,६८,५००।, महिला तर्फ १० प्रतिशतको दरले रु १९,६८,५००।, र अन्य लक्षित (मधेशी, मुस्लीम, पिछडा वर्ग, आदिबासी-जनजाती दलित, जेष्ठ नागरिक) तर्फ १५ प्रतिशतको दरले रु. २९,५२,७५०। विनियोजन गरी बाँकी रहेको रकम रु १,२७,९५,२५०। मध्ये भौतिक पूर्वाधार तर्फ रु. ७६,७७,१५०। र प्रबर्धनात्मक योजना तर्फ रु. ५१,१८,१००। विनियोजन गरिएको छ ।

**अन्त्यमा**

यस न.पा.को चौतर्फी विकासमा सहयोग गर्ने स्वदेशी तथा विदेशी संघसंस्था प्रति धन्यवाद ज्ञापन गर्दछु । न.पा. को काममा अहोरात्र खट्ने कर्मचारी तथा आफ्ना अमुल्य सल्लाह सुझाव दिई मार्ग दर्शन गर्नु हुने माननीय सभासदज्यूहरु, राजनैतिक दलका प्रमुख, प्रतिनिधि एवं स्थापना कालदेखी हालसम्म नेतृत्व गरी न.पा. लाई यस अवस्थासम्म ल्याउन योगदान दिने पूर्व न.पा. मेयर, उपमेयर तथा जनप्रतिनिधि ज्यूहरु, समाजसेवी, बृद्धिजिवीहरु प्रति समेत यस अवसरमा धन्यवाद ज्ञापन गर्दछु । आजको यस कार्यक्रममा आफ्नो अमुल्य समय दिई पाल्नु हुने बारा जिल्लाका श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू, विषेश अतिथि तथा अतिथिको रुपमा पाल्नु हुने सम्पूर्ण महानुभावहरु तथा यहाँ उपस्थित सम्पूर्ण नगरबासीहरु प्रति कृतज्ञता जाहेर गर्दै प्रस्तुत गरिएको यस नीति कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनमा सबै पक्षको सदा झै सक्रिय सहयोगको अपेक्षा एवं विश्वास राखेका छौं ।

## धन्यवाद नमस्कार ।